# नयाँ सङ्घीय शिक्षा ऐनबाट सम्बोधन हुनुपर्ने

# शिक्षक-कर्मचारीका मागमुद्दाहरु

शिक्षाको गुणस्तर विकासको प्रमुख कडी शिक्षक हो । शिक्षाको विकासका लागि विश्वविद्यालयबाट उत्पादन हुने **सबभन्दा उत्कृष्ट जनशक्तिलाई शिक्षण पेसामा प्रवेश गराउने र टिकाउने** योजना चाहिन्छ । यसका साथै **कार्यरत शिक्षकको उत्साह, अभिप्रेरणा र सन्तुष्टि**का लागि राज्यले यथेष्ट प्रयत्न गर्नुपर्छ तर अहिलेको हाम्रो अवस्था यसको ठिक विपरित छ । श्रम बजारमा निस्केका जनशक्तिले शिक्षण पेसालाई सबभन्दा कान्छो प्राथकिमताको पेसामा राखेको छ । अहिले अन्य पेसामा स्थान नपाउँदा मात्र मानिसहरु यस पेसामा आउने अवस्था छ । पेसामा आएकाहरु पनि लामो समय टिक्दैनन् । जो पेसामा रहीरहेका छन्, ती पनि आफ्नो अवस्थाप्रति सन्तुष्ट छैनन् । अधिकांश कार्यरत शिक्षकहरु आफ्नो शिक्षण पेसाको चयनप्रति पछुतो गरीरहेका छन् । यस्तो अवस्था किन भएको होला ? मानिस किन शिक्षक हुन चाहिरहेका छैनन् ? यस पेशालाई श्रम बजारको.पहिलो रोजाइको पेसा बनाउन किन सकिएन ? यसमा गहन अध्ययन अनुसन्धान हुनुपर्छ । शिक्षण पेसाप्रति मानिस आकर्षित नहुने अवस्था अकारण छैन । यसलाई प्रष्ट पार्न विद्यालयमा कार्यरत नेपाली शिक्षक-कर्मचारीले व्यहोरीरहेका समस्याहरु उल्लेख गर्नुका साथै यी समस्यााको सम्बोधन गर्न जारी हुने क्रममा रहेको विद्यालय शिक्षा ऐन २०८० ले गर्नु पर्ने प्रबन्धका बारेमा संक्षिप्त चर्चा गरिएको छ ।

**१.स्थायित्वको विषय :** करीब २ दशक देखि विद्यालयमा कार्यरत **राहत र साविक उमावि शिक्षकहरु** अझै अस्थायी नै रहेका छन् । यी शिक्षकको स्थायित्वको सवाल कहिल्यै राज्यको प्राथमिकतामा परेन र अझै परेको देखिँदैन । ऐनको प्रस्तावित मस्यौदाले कार्यरत यी शिक्षक माथि फेरि अन्याय गर्न खोजेको छ । **राहत र सीवक उमाविका शिक्षक**का हकमा ने.शि.महासङ्घ र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय बीच कार्यरत राहत शिक्षकलाई **उमेरको हद नलगाई अस्थायी शिक्षकको जस्तै आन्तरिक/खुला विधिबाट शिक्षक सेवा आयोग मार्फत स्थायी गर्ने** सहमती भएको हो । साथै परीक्षामा सामेल नहुने र सामेल भएर सफल हुन नसक्ने शिक्षककालागि **अस्थायी शिक्षकले पाए सरहको गोल्डेन हैन्डसेक**को सुविधा दिने कानुनी प्रबन्ध गरिनुपर्छ भन्ने माग रहेको छ ।

लामो समयसम्म सरकार र महासङ्घ बीच भएको सहमती लागू नभएका कारण सन्दर्भ परिवर्तन भएकोले अहिले यी शिक्षकहरु परिस्थिति नयाँ मोडमा आइपुगेका कारण

नयाँ माग अघि सारेका छन् । कार्यरत शिक्षकहरु चाहन्छन्- उनीहरुकालागि **योगदानमा आधारित सामाजिक सुरक्षा कोषको** प्रबन्ध होस् वा **सबै दरबन्दीलाई स्वीकृत दरबन्दीमा परिणत गरी सामान्य प्रकियाद्वारा शिक्षक सेवा आयोग मार्फत् स्थायी** गरियोस् । यो ऐनले यी शिक्षकको माग सम्बोधनको प्रबन्ध गर्नुपर्दछ ।

त्यसैगरी फरक अवस्था र प्रकृतिका भएका कारण **विशेष शिक्षा** परिषदको दरबन्दीमा कार्यरत शिक्षकहरुका लागि परीक्षा सम्बन्धी **विशेष व्यवस्था गरी शिक्षक सेवा आयोगबाट स्थायी गर्ने** प्रबन्ध गर्नुपर्छ भन्ने पक्षमा छन् । **२०७२ असोज ३ पछिका अस्थायी/करार** शिक्षकलाई पनि त्यस अघिका अस्थायी शिक्षकलाई जस्तै आन्तरिक/खुला परीक्षाको व्यवस्था गरी स्थायी गर्ने प्रबन्ध गरिनुपर्छ । त्यसैगरी **प्राविधिक धार, शिक्षण सिकाइ अनुदान** लगायतका शिक्षकहरुको कोटालाई स्वीकृत दरबन्दीमा परिणत गर्ने र स्थायीत्वको व्यवस्था गर्ने कुरा ऐनले प्रबन्ध गर्नुपर्दछ । सबैखालका अस्थायी प्रकृतिका शिक्षककालागि सेवा अवधिको गणना सहित गोल्डेन हैन्डसेकको व्यवस्था हुनुपर्छ ।

**२.पारिश्रमिकको विषयः** .विद्यालय शिक्षाको आधार स्तम्भको रुपमा रहेको **प्रारम्भिक बाल शिक्षामा** काम गर्ने **शिक्षक**हरु न्यून तलवमा काम गर्न बाध्य छन् । यही समस्या **विद्यालय कर्मचारी**को पनि छ । जीवन निर्वाहको पाटोबाट यिनको पारिश्रमिक कति सान्दर्भिक होला ? अहिलेको पारिश्रमिकमा कुन उत्साह र आशामा उनीहरुले काम गर्ने हो ? उनीहरुले कहिलेबाट दरबन्दी पाउने ? कहिलेबाट दरबन्दीअनुसारको तलव पाउने ? अनि कहिले र कसरी स्थायी हुने ? यी प्रश्नहरु अझै अनुत्तरित छन् । त्यसैले नयाँ सङ्घीय शिक्षा ऐनमा **बालकक्षाका शिक्षक र विद्यालय कर्मचारी**को लागि दरबन्दी सिर्जना, दरबन्दी वमोजिम् तलबको व्यवस्था र महासङ्घसँग भएको सहमती अनुसार स्थायित्वको प्रबन्ध गर्नुपर्छ । अहिले सार्वजनिक भएको ऐनको मस्यौदाले **प्रारम्भिक बाल शिक्षा**लाई विद्यालय संरचना बाहिर राखेको छ । विद्यालय शिक्षाको आधार रहेको प्रारम्भिक बाल शिक्षालाई यही ऐन मार्फत विद्यालय संरचना भित्र ल्याइनुपर्छ ।

**३. अस्थायी अवधि गणना तथा निवृत्तीभरणको विषय** : हाम्रै देशको विश्व विद्यालयमा पेन्सन प्रयोजनका लागि सबै अस्थायी अवधि गणना हुने गरेको छ । त्यसैले विद्यालय शिक्षामा पनि सो प्रबन्ध लागू गरिनुपर्छ । यसबाट सबै स्थायी शिक्षक लाभान्वित हुनेछन् । कम्तीमा पनि **पेन्सनकालागि आवश्यक पर्ने अस्थायी अवधि गणना** गर्ने प्रबन्ध त राज्यले गर्नैपर्छ । त्यसैले लामो समय अस्थायी सेवा गरी स्थायी भएका शिक्षकको हकमा यही ऐन मार्फत् **आवश्यक अस्थायी अवधि गणना गरी पेन्सनको व्यवस्था** गरिनुपर्छ । त्यसैगरी नयाँ सङ्घीय शिक्षा ऐन जारी हुन अघि स्थायी भएका सबै शिक्षकलाई **पुरानै प्रणाली अनुसार निवृत्तीभरण** दिने कानुनी प्रबन्ध पनि ऐनमा गरिनुपर्छ ।

**४. बढुवाको सम्बन्धी व्यवस्थाको विषय** : सेवारत पुराना **स्थायी शिक्षक**हरु पनि अत्यन्त पीडामा छन् । वि..सं. २०६० र २०६३ मा स्थायी भएका थुप्रै शिक्षकहरुको अझै एक श्रेणी

पनि बढुवा हुनसकेको छैन । मौजुदा बढुवा प्रणालीले शिक्षकलाई न्याय गरेन र गर्दैन । अहिलेको बढुवा अनुपात(८०:१८:२)ले  हरेक १०० शिक्षक भित्र ८० जनालाई बढुवाको ठाउँ नै दिंदैन । यस्ता शिक्षकलाई न्याय दिन **आवधिक बढुवा** को व्यवस्था चाहिन्छ  । त्यसैले अब आउने  शिक्षा ऐनमा आवधिक बढुवाको प्रबन्ध समावेश हुनुपर्छ ।

विश्वविद्यालय सेवा, निजामती सेवा, प्रहरी, सेना लगायत सबै पेसामा विशिष्ट श्रेणीको प्रबन्ध छ तर विद्यालय शिक्षा सेवामा यसको व्यवस्था गरिएको छैन ।  **विशिष्ट श्रेणी** को व्यवस्था शिक्षण पेसाप्रतिको आकर्षण तथा शिक्षकको मान,सम्मान र स्वभिमानसँग जोडिएको कुरा हो । त्यसैले नयाँ ऐनले शिक्षक बढुवामा **विशिष्ट श्रेणी**को व्यवस्था गर्नुपर्दछ ।

शिक्षक-विद्यार्थी अनुपात अनुसार तल्लो तह(प्राथमिक तह)मा शिक्षकहरुको सङ्ख्या बढी रहेको छ । माथिल्लो योग्यता र अध्यापन अनुमतीपत्र  भएका तर तल्लो तहमा काम गरीरहेका  स्थायी शिक्षकलाई बढुवा गर्दा कमश.: माथिल्लो तहमा लैजान **तहगत बढुवा**को प्रबन्ध गरिनुपर्छ । साथै  शिक्षक सेवा आयोगको हरेक खुला परीक्षामा निश्चित प्रतिशत कोटा **तल्लो तहमा कार्यरत स्थायी शिक्षकका लागि आरक्षण** गरिनुपर्छ ।

**५. ग्रेड र तलव विभेद  मिलानको विषय** : शिक्षण पेसाका केही तह र श्रेणीमा समान तहको निजामती सेवामा भन्दा अन्तिम ग्रेड सङ्ख्या कम रहेको छ । यो कुरा यहाँ रहेको तालिकाले प्रष्ट पार्दछ ।

| शिक्षकको पद | अन्तिम ग्रेड सङ्ख्या | समान तहको निजामती पद | अन्तिम ग्रेड सङ्ख्या | फरक |
|---|---|---|---|---|
| प्राथमिक तृतीय | ६ | खरिदार | १० | ४ |
| प्राथमिक द्वितीय | ८ | नायव सुब्बा | १० | २ |
| निम्नमाध्यमिक तृतीय | ८ | नायब सुब्बा | १० | २ |
| माध्यमिक प्रथम | ६ | सहसचिव | ७ | १ |

यो विभेदको तुरुन्त अन्त्य हुनुपर्छ । साथै नि.मा.वि. प्रथम र मा.वि.द्धितीयको तलब मान फरक रहेको छ । यो अन्यायपूर्ण छ । आम शिक्षकले यी विभेदको अलिवम्व अन्त्य खोजेका छन् । यो विभेदको सँधैकालागि अन्त्य गर्न नयाँ ऐनमा **शिक्षकको तलवभत्ता र ग्रेड समान तहका निजामती सेवाका कर्मचारीको भन्दा कम हुने छैन** भनी उल्लेख गर्नुपर्छ ।

**६. विद्यालय प्रधानाध्यापकको प्रबन्धको विषयः**  विद्यालयको प्राज्ञिक तथा प्रशासनिक तथा व्यवस्थापकीय दायित्व प्रधानाध्यापकमा रहेको छ । त्यसैले शिक्षक सेवा आयोगबाट सोभ्फै परीक्षा लिएर विद्यालय प्रधानाध्यापक नियुक्तिका लागि सिफारिस गर्ने व्यवस्था गर्दा योग्य र सक्षम  व्यक्तिहरु प्र.अ.मा चयन हुन्छन् । यस व्यवस्थाले राजनैतिक आग्रह र पक्षधरताका आधारमा स्थानीय तहमा हुने चलखेलको समेत अन्त्य हुन्छ ।  त्यसैले **निश्चित सेवा सुविधा सहित शिक्षक सेवा आयोगबाट प्र.अ.नियुक्ति सिफारिस हुने** विधि नयाँ ऐनमा आउन जरुरी छ ।

**७.पद समायोजनको विषय :** तोकिएको योग्यता भई सोझै प्राथमिक द्वितीय र नि.मा द्वितीयमा भर्ना भएका  र त्यहीबाट माथिल्लो श्रेणीमा बढुवा भएका स्सबै थायी शिक्षकलाई समान स्तरको माथिल्लो तहको पदमा समायोजन गर्ने कुरा नयाँ ऐनमा आउनुपर्छ । अहिलेको मस्यौदामा यो विषय समावेश हुन छुटेको देखिन्छ ।

**८. शिक्षण काउन्सिलको सवाल :** शिक्षकको रजिस्ट्रेसन ,तालिम  तथा पेसागत विकास लगायतका काम गर्ने गरी ऐनमा शिक्षण काउन्सिलको व्यवस्था गर्नुपर्छ ।

**९.शिक्षकको सरुवा र कार्यसम्पादन मूल्याङ्कनको सवाल** शिक्षकको सरुवा र कार्यसम्पादन मूल्याङ्कनमा पालिकालाई मुख्य भूमिकामा हुँदा शिक्षकको पेसागत सुरक्षा र बृत्ति विकास स्थानीय राजनैतिक आग्रहको शिकार हुने निश्चित हुन्छ । विभिन्न पालिकामा शिक्षकले अहिले व्यहोरिरहेका अन्यायपूर्ण व्यवहार र अपमानबाट पनि यो कुरा प्रमाणित हुँदै गएको छ । यस्तो अवस्था आउन नदिन **शिक्षकको सरुवाको अधिकार फरक फरक संरचनामा राखिनु पर्छ ।** पालिकाभित्र शिक्षकको सरुवा  शिक्षकको निवेदन र दुबै तिरको वि.व्य.स.को सिफारिसमा पालिकाले , जिल्ला भित्रको अन्तर पालिका सरुवा जिल्ला शिक्षा कार्यालयले, प्रदेश भित्रको अन्तरजिल्ला सरुवा प्रदेश निर्देशनालयले र अन्तरप्रदेश सरुवा शिक्षा विभागबाट हुने व्यवस्था गर्नुपर्छ । **कार्यसम्पादन मूल्याङ्कन**मा जिल्लामा रहेको शिक्षाको एकाइ(जिल्ला शिक्षा कार्यालय)लाई मुख्य भूमिका दिनुपर्छ । साथै लामो विदा,अध्ययन तथा वेतलवी विदा स्वीकृतीको अधिकार पनि जिल्लाको शिक्षाको एकाइमा नै हुनुपर्छ । त्यस्तै नयाँ स्थायी नियुक्ति लिएको शिक्षकले १ वर्ष सेवा पुगेपछि सरुवा हुन पाउने व्यवस्था गर्नुपर्छ ।

**१०.द्वन्द र राजनैतिक पीडित शिक्षकको सेवा अवधि जोडने विषय :** द्वन्दका कारण विस्थापित भएका वा पेसाबाट निस्कन बाध्य भएका अन्य सबै पीडित पक्षले न्याय पाउँदा सबै द्वन्द पीडित शिक्षकले अझै न्याय पाएका छैनन् । द्वन्द पीडित तथा शैक्षिक आन्दोलनमा लागेर आफ्नो  जीवन खपाएका शिक्षक नेताहरुको त्यो अवधिको सेवा नजोडिनाले तिनले नियमानुसार पाउनु पर्ने उपदान वा पेन्सन पाएका छैनन् । त्यसैगरी पञ्चायत कालमा व्यवस्था विरोधी भनेर तात्कालीन प्रशासनबाट निष्कासनमा परेका केही शिक्षकहरु अझै सेवा सुविधाबाट विमुख छन् ।  पञ्चायतकालमा व्यवस्था विरोधी भनी निक्कासनमा परेका शिक्षकहरुलाई पनि  सेवा जोडी नियमानुसार सुविधा दिनु पर्छ ।  यो ऐनले त्यस्ता सबै शिक्षकहरुलाई न्याय दिनुपर्छ ।

**११. शिक्षकको दुर्गम भत्ताको विषय :** दुर्गम क्षेत्रमा कार्यरत शिक्षकलाई त्यहाँ कार्यरत निजामती कर्मचारी सरह दुर्गम भत्ता दिने व्यवस्था गर्नुपर्छ  । यो कुरा ऐनमा लेखिनु पर्छ ।

**१२.विद्यालय व्यवस्थापन समितिको संरचनाको विषय** :विद्यालयको शैक्षिक गुणस्तर विकासमा अत्याधिक चासो र निष्ठा त्यस विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावकलाई हुन्छ । त्यसैले वि.व्य.स. मा अभिभावकको उपस्थितिको वाहुल्य हुन आवश्यक हुन्छ  ।

संविधानको अनसूची-८ मा रहेको प्रबन्धको बलमा स्थानीय तहले अहिले मनलागि ढङ्गले थरिथरिका वि.व्य.स. गठन गरिरहेका छन् । यो अवस्थाको अन्त्य गरी देशभरि वि.व्य.स गठनमा एकरुपता कायम गर्न सङ्घीय शिक्षा ऐनमा नै **अभिभावकको वाहुल्य हुने गरी वि.व्य.स.को ठोस संरचना** तोक्नुपर्छ ।

**१३.स्थानीय तहमा भएका र हुने ज्यादतीको विषय** : राजनैतिक आग्रह, सामाजिक द्वन्द र विभेद लगायतका विविध आग्रह र अहम्का कारण स्थानीय तहका निर्वाचित पदाधिकारीको कोपभाजनमा अहिले प्रधानाध्यापक तथा शिक्षक परिरहेको अवस्था छ । यसको एउटै कारण संविधानको अनुसूची-८ क्रमसङ्ख्या-८ (अर्थात विद्यालय शिक्षा स्थानीय तहको एकल अधिकार सूचीमा रहनु) को प्रबन्ध हो । संसारका सङ्घीय मुलुक (अमेरिका, क्यानाडा, भारत, पाकिस्तान लगायत) को दृष्टान्त हेर्दा विद्यालय तहको शिक्षाको मुख्य अधिकार अधिकांश देशमा प्रदेश संरचनामा व्यवस्थित भएको देखिन्छ । केही देश (जस्तै मलेसिया, सेन्ट किट्स एन्ड नोभिस, इथियोपिया आदि)मा यो अधिकार सङ्घमा रहेको छ । त्यसैले संविधानको यो प्रबन्ध परिवर्तन हुनुपर्छ भन्ने आम शिक्षक-कर्मचारीको माग छ । यसर्थ विद्यालय तहको शिक्षालाई संविधानको **अनुसूची-९ (साझा अधिकार सूची**) मा राखी तिनै तहका सरकार बीच अधिकार बाँडफाँड गरिनुपर्छ । वास्तवमा तिनै तहका सरकार बीचको सहकार्य नै सङ्घीयताको मर्म हो । यो ऐनसँग नभएर संविधानसँग जोडिएको विषय हो ।

संविधानको अनुसूची-८ ले दिएको अधिकारको दुरुपयोग गरी अहिले कतिपय स्थानीय तहका निर्वाचित पदाधिकारीले कठपुतली वि.व्य.स.बनाएर विद्यालय र शिक्षक-कर्मचारीलाई आफ्नो मुठ्ठीमा राख्ने प्रयत्न गर्न थालेका छन् । यसले स्वतन्त्र र राजनीति मुक्त शिक्षालयको सोच केवल कल्पना मात्र हुने निश्चित छ । स्थानीय तहमा असिमिति अधिकार कालान्तरमा विद्यालय शिक्षा र शिक्षक-कर्मचारीका लागि घातक हुने निश्चित छ ।

**१४. दरबन्दी हस्तान्तरणको विषय** : सामुदायिक विद्यालय शिक्षक दरबन्दी स्थानीय तहमा हस्तान्तरण हुनु उचित हुँदैन । शिक्षक दरबन्दी स्थानीय तहमा हस्तान्तरण गर्दा भोलि शिक्षकको अन्तरपालिका, अन्तरजिल्ला र अन्तरप्रदेश सरुवा तथा शिक्षक विद्यार्थी अनुपात अनुसार दरबन्दी मिलान जटिल बन्न जान्छ । यसबाट शिक्षण पेसाको मर्यादा र आकर्षण खस्किन्छ । एउटा अवस्था , सेवा र शर्त अनुसार सेवा प्रवेश गरेको पेसाकर्मीलाई उसको मन्जुरी बिना सेवा शर्त, सुविधा परिवर्तन गर्नु कानुन सम्मत हुँदैन । शिक्षकको तलव-भत्ता र सेवा सुविधा सबै सङ्घको जिम्मामा भएपछि शिक्षक दरबन्दी सङ्घ अन्तर्गत रहनु पर्दछ ।

**१५.सामाजिक सुरक्षा कोषको विषय** : संस्थागत विद्यालयका शिक्षक, सामुदायिक विद्यालयका निजी स्रोत र अस्थायी प्रकृतिका सबै शिक्षककालागि तत्कालै योगदानमा आधारित सामाजिक सुरक्षा कोषको प्रबन्ध गर्ने कुरा यस ऐनमा समावेश गरिनुपर्छ । यो प्रबन्ध मौलिक हक अन्तर्गत संविधानको धारा ३४(२) मा समेत उल्लेखित विषय हो ।

**१६.संस्थागत विद्यालयका शिक्षकहरुको विषय :** निजी(संस्थागत) विद्यालयका शिक्षकको तलवभत्ता सामुदायिक विद्यालयका शिक्षक सरह हुनुपर्छ । सेवा सुविधाको सुनिश्चितताका लागि त्यस्ता शिक्षकको रेकर्ड जिल्ला शिक्षा कार्यालयमा राख्ने व्यवस्था गरिनुपर्छ । साथै संस्थागत विद्यालयको अनुगमन र निरीक्षणका लागि तहगत अनुगमन समिति बनाउने प्रबन्ध ऐनमा हुनुपर्छ ।

**१७. संविधान प्रदत्त ट्रेड युनियन अधिकारको सवाल :** नेपालको संविधानको भाग-३ ( मौलिक हक अन्तर्गत) को धारा १८ को समानताको हक तथा धारा ३४(३) अर्थात श्रमिकको ट्रेड युनियन हक विपरितका प्रबन्धहरु ऐनमा राखिनु हुँदैन । नेपाल शिक्षक महासङ्घलाई शिक्षाको विकास तथा शिक्षक-कर्मचारीको हकहित प्राप्ति र संरक्षणको पक्षमा काम गर्ने बलियो संस्थाको रुपमा ऐनले उभ्याउनु पर्छ । लोकतान्त्रिक पद्धति भएका मुलुकमा शिक्षकका पेसागत संस्थाले आफ्ना पेसागत मुद्दा र मर्कामा लेख्न, बोल्न, धर्ना दिन, प्रदर्शन गर्न, दबाब दिन अर्थात सामूहिक सौदावाजीको अधिकार पाउनुपर्छ । यस्ता कुरामा बन्देज लगाउने प्रयत्न लोकतान्त्रिक प्रणालीप्रतिको उपहास हो । त्यसैले नयाँ ऐनमा समानताको हक र ट्रेड युनियन अधिकार विरोधी प्रबन्धहरु आउनु हुँदैन ।

**१८. शिक्षक-कर्मचारीको पेसागत सुरक्षाको विषय :** शिक्षक-कर्मचारीकको पेसागत असुरक्षाले यस पेसाप्रतिको आकर्षण घटाउँछ । त्यसैले शिक्षक-कर्मचारी माथि विभागीय कार्बाहीको
( ग्रेड बृद्धि रोक्ने, बढुवा रोक्ने, पेसाबाट वर्खास्त गर्ने जस्ता) अधिकार स्थानीय तहमा राखिनु हुँदैन । यस प्रबन्धले राजनैतिक पक्षधरता र आग्रहका आधारमा अनाहकमा शिक्षक-कर्मचारी दण्डित हुने अवस्था आउँछ । यस्तो अवस्था आउन नदिन यी अधिकारमध्ये ग्रेड बृद्धि र बढुवा रोक्काको अधिकार जिल्ला शिक्षा अधिकारीमा र सेवाबाट वर्खास्त गर्ने अधिकार शिक्षक सेवा आयोगको परामर्शमा प्रदेश निर्देशनालयको प्रमुखमा रहनु उचित हुन्छ ।

**१९. औषधी-उपचार खर्चको शर्तमा परिवर्तन भएको विषय :** नयाँ ऐनको मस्यौदाले लामो समय सेवा गर्ने शिक्षकलाई पहिले देखि नै दिने गरिएको औषधी उपचार खर्चको थप रकम कटौती गरेको छ । विगतमा २० वर्ष, २५ वर्ष र ३० वर्ष भन्दा बढी स्थायी सेवा गरेका शिक्षकलाई नियमानुसार पाउने औषधी उपचार खर्चमा क्रमशः १०%, १५% र २०% थप गरी दिने व्यवस्था थियो । त्यो सुविधा अहिलेको मस्यौदामा हटाइएको छ । विगतमा पाएको सुविधा हटाउने गरी कानुनी प्रबन्ध गरिनु उचित हुँदैन ।

**२०.विद्यालयको अनुमती रद्ध गर्ने तथा बन्द गर्ने अधिकारको विषयः** प्रस्तावित मस्यौदाले विद्यालयको अनुमती र स्वीकृतीको अधिकार का साथै विद्यालय अनुमती रद्ध गर्ने तथा बन्द गर्ने जस्ता सबै अधिकार स्थानीय तहमा दिएको छ । त्यसैले अनुमती, स्वीकृतीको अधिकार

स्थानीय तहमा राखी विद्यालय अनुमती रद्ध गर्ने ,बन्द र खारेज गर्ने अधिकार प्रदेश तहमा राखिनु पर्छ ।

राष्ट्रिय समिति
NATIONAL COMMITTEE

धन्यवाद ।

नेपाल शिक्षक महासङ्घ
राष्ट्रिय समितिको तर्फबाट